संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक - ४५
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०३ बजे*
*बैठक स्थगित : २:४० बजे*

२०७९ साउन २३, सोमबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **पैतालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय दुर्गा गुरुङ**ले युवा तथा खेलकुदको विकासका लागि सरकारले विशेष पहल एवम् प्रवर्द्धनात्मक कार्यक्रम गर्न माग गर्नुभयो ।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)** ले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घट्दा समेत नेपाल आयल निगमले इन्धनको मूल्य नघटाएको सम्बधमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै यथाशीघ्र इन्धनको मूल्य घटाउन माग गर्नुभयो । उहाँले निर्वाचन स्वच्छ, मर्यादित, भयरहित र निष्पक्ष बनाउन सरकार तथा निर्वाचन आयोगलाई अनुरोध गर्नुभयो ।

**माननीय खिमलाल देवकोटा**ले प्रमुख राजनीतिक दललको कुनै पनि नेताले लगातार २ पटक निर्वाचनमा जीत हासिल गरेपश्चात अर्को पटक चुनावमा भाग लिन नपाईने व्यवस्था लागु गर्न माग गर्नुभयो । उहाँले सहकारीले बचतकर्ताको पैसा लिएर भागेको घटनाको बारेमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै मिटरब्याजीहरूको समस्या समाधान गर्न सरकार सक्षम माग गर्नुभयो ।

**माननीय गंगा कुमारी बेलबासे**ले भारतकी राष्ट्रपतिमा द्रौपदि मूर्मु महिला राष्ट्रपतिको रूपमा निर्वाचित भएकोमा बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुभयो । उहाँले संवैधानिक परिषद्‌बाट हुने नियुक्ति निष्पक्ष नभएको आरोप लगाउनुहुँदै यस परिषदको सदस्य संख्या ६ बाट ७ बनाउन माग गर्नुभयो ।

**माननीय गोमा देवी तिमल्सिना**ले स्थानीय निर्वाचन पश्चात स्थानीय सरकारले आफ्नो काम गरिरहेको तर फोहोर व्यवस्थापन अपेक्षित रूपमा हुन नसकेकाले यसको व्यवस्थापनका लागि संघ सरकारले स्थानीय सरकारसँग समन्वय गरी उक्त समस्या समाधान गर्न माग गर्नुभयो ।

**माननीय भुवन बहादुर सुनार**ले नागरिकता प्रदान गर्दा अपमानजनक शब्दका नाम राखेर नागरिकता प्रमाणपत्र वितरण गर्ने अधिकारीको कारबाहीको माग गर्नुहुँदै त्यस्ता नागरिकताका नाम सच्याउने व्यवस्था मिलाउन गृह मन्त्रालय समक्ष अनुरोध गर्नुभयो ।

**माननीय सुमित्रा बि.सी.**ले महङ्गी नियन्त्रण गरी जनजीविका सहज सरकार समक्ष माग गर्नुभयो।

**माननीय विना पोखरेल**ले जेष्ठ नागरिकको संरक्षण र सम्बर्द्धनका लागि सरकारले सामाजिक सुरक्षा होइन बरु उक्त जेष्ठ नागरिकका छोराछोरीलाई देशमा नै रोजगरीको अवसर सुनिश्चित गर्न माग गर्नुभयो ।

**माननीय नर बहादुर विष्ट**ले आर्थिक अराजकताका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै लघुवित्तमार्फत् महिलाहरू ठगिएको र नेपालमा चिनियाँहरूको ठगी धन्दा चलेको जानकारीका साथ यस्ता गतिवधिको नियन्त्रण र नियमन कडाई गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय तुलसा कुमारी दाहाल**ले अपाङ्गता भएका नेपाली नागरिकका लागि गरिएका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था कमजोर रहेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै समानता भित्र पनि समता कामय गर्न माग गर्नुभयो ।

**माननीय रमेशजङ्ग रायमाझी**ले प्रदेश सभा र प्रतिनिधि सभाको निर्वचन घोषणाका लागि सरकारलाई धन्यवाद प्रदान गर्नुहुँदै कोशी नदीले धार परिवर्त गरी उदयपुरमा गएको बाढीले गरेको नोक्सानीको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्मानननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन ब्यहोरा जानकारी गराउनुभयो।

"संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित भई प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | ऐन नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | १६ | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/४/१८ |

(डा. तोयनारायण ज्ञवाली)
सचिव
२०७९/४/१८ "

त्यस लगत्तै सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) बमोजिम राष्ट्रिय सभाका विषयगत समितिहरूमा रहनु हुने माननीय सदस्यहरूको नाम देहाय बमोजिम मनोनयन गरेको व्यहोरा जानकारी गराउनुभयो ।

**दिगो विकास तथा सुशासन समिति**

१. मा. कमला पन्त
२. मा. कृष्ण प्रसाद पौडेल
३. मा. जग प्रसाद शर्मा
४. मा. तुल प्रसाद विश्वकर्मा
५. मा. नन्दा चपाई
६. मा. नारायण प्रसाद दाहाल
७. मा. बामदेव गौतम
८. मा. भुवन बहादुर सुनार
९. मा. महेश कुमार महरा
१०.मा. रमेश जंग रायमाझी
११.मा. विमला घिमिरे
१२.मा. शारदा देवी भट्ट
१३.मा. सिंग बहादुर विश्वकर्मा

**विधायन व्यवस्थापन समिति**

१. मा. उदय बहादुर बोहरा
२. मा. खिमलाल देवकोटा
३. मा. गंगा कुमारी बेलबासे
४. मा. जितेन्द्र नारायण देव
५. मा. तारामान स्वाँर
६. मा. देवेन्द्र दाहाल
७. मा. नारायण दत्त मिश्र
८. मा. प्रकाश पन्थ
९. मा. प्रमिला कुमारी
१०. मा. डा. बेदुराम भुसाल
११. मा. भगवती न्यौपाने
१२. मा. भैरव सुन्दर श्रेष्ठ
१३. मा. राधेश्याम पासवान
१४. मा. डा. विमला राई पौडयाल
१५. मा. सुरेश कुमार आलेमगर

**प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति**

१. मा. उर्मिला अर्याल
२. मा. गोपाल कुमार बस्नेत
३. मा. गोपाल भट्टराई
४. मा. गोमा देवी तिमल्सिना
५. मा. तुलसा कुमारी दाहाल
६. मा. नरपति लुवार
७. मा. नरबहादुर विष्ट
८. मा. मदन कुमारी शाह (गरिमा)
९. मा. माया प्रसाद शर्मा
१०. मा. मोहम्मद खालिद
११. मा. युवराज शर्मा
१२. मा. विना पोखरेल
१३. मा. सुमित्रा वि.सी.
१४. मा. हरि राम चौधरी

**राष्ट्रिय सरोकार तथा समन्वय समिति**

१. मा. अनिता देवकोटा
२. मा. इन्दिरा देवी गौतम
३. मा. इन्दु कडरीया
४. मा. खिम लाल भट्टराई
५. मा. गोपी बहादुर सार्की आछामी
६. मा. जगत बहादुर पार्की
७. मा. जयन्ती देवी राई
८. मा. दिपा गुरुङ
९. मा. दिल कुमारी रावल थापा (पार्वती)

१०. मा. दुर्गा गुरूङ
११. मा. नारायण काजी श्रेष्ठ
१२. मा. राजेन्द्र लक्ष्मी गैरे
१३. मा. रामचन्द्र राई
१४. मा. शेखर कुमार सिंह
१५. मा. सोनाम गेल्जेन शेर्पा

तदुपरान्त सम्माननीय अध्यक्षले विषयगत समितिका लागि माननीय सदस्यहरूको प्रस्तावित नामलाई सभाको सहमति जनाइ दिनु हुन अनुरोध गर्नुहुँदा सभाले सहमति जनायो ।

त्यसपछि सम्माननीय अध्यक्षले , सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन २०७७/०७८, राष्ट्रिय महिला आयोगको चौधौं वार्षिक प्रतिवेदन, २०७७/०७८ र महालेखापरीक्षकको उनन्साठीऔं वार्षिक प्रतिवेदन, २०७९ सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रतिवेदनहरू पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई "कारागार विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले "कारागार विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल साउन २५ गते बुधबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव